
# ‘हामीलाई मानिसको जस्तो व्यवहार गरियोस्’

## कतारका आप्रवासी श्रमिकहरु

एम्नेस्टी इन्टरनेसनल







*"कृपया हामीलाई मद्दत गर्नुहोस्, चार महिनादेखि हामीलाई हाम्रो कम्पनीले तलव दिएको छैन । खाना र भाडाका लागि हामीसँग एक पैसा छैन । यदि हामी श्रम कार्यालय गयौँ भने हाम्रो जागिर गुम्न सक्नेछ । कृपया हामीलाई मद्दत गर्न सक्ने कोही छन् भने उनीहरुलाई यो इमेल पठाइदिनुहोस् ।"*

कतारमा रहेका आप्रवासी श्रमिकहरुबाट एम्नेस्टी इन्टरनेसनलले प्राप्त गरेको इमेल, जुलाई २०१३

कतारमा १३ लाख ५० भन्दा बढी विदेशी श्रमिकहरु कार्यरत रहेका छन्, जसमध्ये अधिकांश बंगलादेश, भारत, नेपाल, पाकिस्तान, फिलिपिन्स र श्रीलङ्का लगायतका एसियाली देशहरुबाट आएका हुन् । देशको कुल श्रमशक्तिको करिव ९४ प्रतिशत आप्रवासी श्रमिकहरु छन् । खासगरी भौतिक संरचना निर्माणको कामका लागि न्युन-ज्यालाका आप्रवासी श्रमिकहरु भर्ना गरिएका कारण देशको जनसंख्या उल्लेख्य हिसावले बढ्दै गैरहेको छ । सन् २०२२ को फिफा वल्ड कप नजिकिँदै जाँदा यो वृद्धिदर अझ बढ्दै गैरहेको छ । तसर्थ आप्रवासी श्रमिकहरुको मानव अधिकार संरक्षणका लागि कानुन, संयन्त्र र कार्यान्वयन पक्ष यसअघिको भन्दा पनि मजबुत र प्रभावकारी बनाउन जरुरी छ । यद्यपि, एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले यी अवस्था यथार्थ भन्दा धेरै टाढा रहेको देखाएको छ ।

कतारमा आप्रवासी श्रमिकहरुले रोजगारदाताबाट थरिथरिका ज्यादती भोग्ने गर्दछन् । एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानका क्रममा जबर्जस्ती श्रम र मानव बेचविखन सम्मका ज्यादतीका घटनाहरु भएको पाइएको छ । कतिपय श्रमिकहरु जब कामका लागि आइपुग्दछन्, तब उनीहरुले आफूलाई पहिला बताएको भन्दा कामको प्रकृति, तलब, कार्यघण्टा वा कार्यस्थलको अवस्था नै फरक पाउने गर्दछन् । कतिपय श्रमिकहरुलाई उनीहरुका रोजगारदाताले तलब भुक्तानीमा ढिलाई गर्ने वा तलबै नदिने गरेको पाइन्छ भने उनीहरुलाई उपलब्ध गराइने गरेको आवासको अवस्था हेर्ने हो भने ज्यादै दयनीय अवस्थाको पाइएको छ । रोजगारदाताहरुले काम परिवर्तन गर्न वा देश छाडेर घर फर्कनबाट श्रमिकहरुलाई प्रतिवन्ध लगाउन पाउने अधिकार राक्दछन् । यसका कारणबाट श्रमिकहरु त्यस देशमै बन्द भएर बस्नुपर्ने अवस्थासम्म पर्न सक्दछ । यदि रोजगारदाताले आवास अनुमतिपत्र (रेजिडेन्स परमिट) नवीकरण गरिदिएनन् भने त्यस अवस्थामा श्रमिकहरु आवास बाहिर निस्किएमा कुनैपनि बेला उनीहरुलाई 'गैरकानुनी' श्रमिक भनेर प्रहरीले गिरफ्तार गर्न सक्दछ ।

**केही प्रमुख देशहरु जहाँबाट आप्रवासी श्रमिकहरु कतार आउने गर्दछन्**




प्रस्तुत नक्साले खासखास क्षेत्र र सिमानाहरुलाई जनाउँदछ । रंगिन भागले प्रशासन नियन्त्रित भूभाग जनाएको छ, जसलाई सिमानाका विषयमा रहेको प्रश्न वा विवादित क्षेत्रका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलको धारणाका रुपमा भने ब्याख्या गर्न सकिने छैन ।

***माथि:*** **कतार छोडेर घर फर्कन आवश्यक पर्ने आफ्नो कागजातहरु प्राप्त गर्नका खातिर आफूले रकम भुक्तानी नै नपाएको भए पनि भुक्तानी पाइसकें भनी ढाँटेर कागज सही गर्न कतारको न्याय मन्त्रालयमा पर्खंदै भारत र श्रीलङ्काका ११ जना आप्रवासी श्रमिकहरु । यी मानिसहरुलाई विगत ८ महिनादेखिको तलब दिइएको थिएन । तर त्यसको पनि वास्ता नगरी उनीहरु जसरी भए पनि घर जान व्यग्र प्रतीक्षामा थिए । उनीहरुले दुई दिनदेखि खान नपाएको र बिना बिजुली एवं खाने पानीको आवासमा बस्नु परेको एम्नेस्टी इन्टरनेसनललाई बताएका थिए । दोहा, २०१३**



आप्रवासी श्रमिकहरुको अधिकारको सम्मान नगरिएका कारण कतारमा उनीहरुको अवस्था अझ दयनीय देखिन्छ र ती श्रमिकहरुले मात्र नभई उनीहरुमा आश्रित परिवारले समेत निरन्तर समस्या झेल्नु परेको देखिन्छ । आप्रवासी श्रमिकहरु खान नपाएर भोकभोकै बस्नु परेको र बिना बिजुली, पिउने पानी र सरसफाई दयनीय प्रकृतिको आवासमा बस्न बाध्य भएको अवस्था एम्नेस्टी इन्टरनेसनलले देखेको थियो । एम्नेस्टी इन्टरनेसनलले भेटेर कुराकानी गरेका धेरैजसोका लागि यो त्रासदीको सृङ्खला घर फर्कीसकेपछि पनि अन्त्य हुँदैन, किनकी महिनौं वा वर्षौंसम्म विश्वको सबैभन्दा धनी मुलुकमा काम गरेर पनि उनीहरु बिना कमाई घर फर्कनु पर्छ र ऋणमा चुर्लुम्म डुबेको डुब्यै हुन्छन् ।

कतारको श्रम कानुन, जसले आप्रवासी श्रमिकहरुलाई यस्ता ज्यादतीबाट संरक्षण प्रदान गर्दथ्यो, त्यसको कार्यान्वयन एकातिर अत्यन्तै कमजोर रहेको छ भने अर्कोतिर यसले घरेलु श्रमिक जस्ता निश्चित प्रकारका श्रमिकहरुलाई समेटेको छैन । परिणाम स्वरुप, बदमास रोजगारदाताहरुलाई जवाफदेही बनाउन ज्यादै कठिन छ ।

श्रम मन्त्रालय र आन्तरिक मामिला सम्बन्धी मन्त्रालयका धेरै जना पदाधिकारीहरुले आप्रवासी श्रमिकहरुको अधिकार संरक्षणको पक्षमा सकारात्मक प्रतिवद्धता व्यक्त गरेका छन् । बास्तवमा, यी ज्यादतीहरुको सम्बोधन गर्ने वहसको प्रक्रिया थालनी पनि भएको छ । यद्यपि यसका लागि आवश्यक उपायहरु प्रभावकारी तवरले कार्यान्वयन गरिएको छैन भने अर्कोतर्फ जेजस्ता प्रयासको थालनी भएको छ ती पनि अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमका छैनन् ।

यो ब्रिफिङ्गले खास प्रकृतिको ज्यादतीको जोखिममा रहेका निर्माण क्षेत्र र घरेलु श्रमिकका रुपमा कार्यरत गरी दुई प्रकारका श्रमिकहरुका बारेमा प्रकाश पारेको छ । कतारको विद्यमान कानुनी प्रावधानका कारण आप्रवासी श्रमिकहरु उपर कसरी ज्यादती भैरहेको छ र कानुनकै कारण रोजगारदाताहरुलाई श्रमिकहरुमाथि ज्यादती गर्न कसरी सहज भएको छ भन्ने कुरालाई पनि यस ब्रिफिङ्गले समेटेको छ । यो प्रकाशन एम्नेस्टी इन्टरनेसनलले गरेको कतारको भ्रमण र त्यहाँ आप्रवासी श्रमिकहरु वा उनीहरुको अधिकार संरक्षणका लागि कार्यरतहरु, रोजगारदाता एजेन्सीहरु, श्रमिकहरु भर्ना गर्ने कम्पनीहरु र सरकारी अधिकारीसँग गरिएको अन्तर्वार्ताबाट प्राप्त जानकारीका आधारमा तयार गरिएको हो । यसले कतारी अधिकारीहरुलाई त्यहाँ कार्यरत आप्रवासी श्रमिकहरुको अधिकार संरक्षणका लागि अघि सारिएकामध्ये केही प्रमुख सिफारिसहरु कर्यान्वयन गर्न पनि आह्वान गरेको छ ।

## स्पन्सरसीप कानुन

*"स्पन्सरसीप प्रणालीको आधारभूत प्रकृति त्यस्तो हुन्छ, जसले आप्रवासी श्रमिकहरुलाई उनीहरुको स्पन्सरप्रति निर्भर तुल्याउँदछ । जसका कारण श्रमिकहरु विभिन्न प्रकारका शोषण र ज्यादतीको जोखिममा धकेलिने गर्दछन् ।"*

कतारका सम्बन्धमा संयुक्त राष्ट्रसंघीय जातीय भेदभाव उन्मूलन सम्बन्धी समितिको अन्तिम निष्कर्ष, मार्च २०१२

कतारमा कार्यरत सबै आप्रवासी श्रमिकहरु स्पन्सर कानुनको अधीनमा रहनु पर्दछ । स्पन्सरसीप प्रणालीले आप्रवासी श्रमिकहरुलाई बडो कडासँग एक "स्पन्सर" को अधीनमा राखेको हुन्छ जो उनीहरुको रोजगारदाता मानिन्छ । यस्तो स्पन्सर कुनै व्यक्ति वा कतारमा स्थापित कम्पनी हुन सक्दछ ।

यस कानुन अनुसार रोजगारदाताले आफ्ना श्रमिकहरुलाई एउटा कामबाट अर्को काम परिवर्तन गर्न रोक्न सक्दछन्, देश छाड्न बन्देज लगाउन सक्दछन् र श्रमिकहरुको आवासीय अनुमतिपत्र (रेजिडेन्स परमिट) खारेज गरिदिन सक्दछन् । रोजगारदाताको सहयोग बेगर श्रमिकहरुले आवासीय अनुमतिपत्र (जसलाई आइ.डि. भन्ने गरिन्छ) प्राप्त गर्न वा नवीकरण गर्न सक्दैनन् । जोसँग यो अनुमतिपत्र हुँदैन, ऊ सदैव गिरफ्तारीको जोखिममा रहन्छ ।

*"आई.डि. नभएका कारणले केहीलाई जेल हालियो भने केहीलाई छाडियो । त्यही कारणले गर्दा हामी बाहिरै निस्कँदैनौं ।"*

एक जना आप्रवासी श्रमिक, मार्च २०१३

श्रमिकहरुले आवासीय अनुमतिपत्र प्राप्त गरिसकेपछि रोजगारदाताले श्रमिकहरुको पासपोर्ट उनीहरुलाई नै फिर्ता गर्नु पर्ने हो । तर प्राय रोजगारदाताले त्यसो गर्दैनन् ।

एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएका धेरैजसो आप्रवासी श्रमिकहरुले स्पन्सरले पछि आफूलाई



बदला लिनेछन् भन्ने त्रासका कारण आफू उपर ज्यादती गर्ने स्पन्सरलाई पनि चुनौति दिन नसकेको बताए । स्पन्सरसीप कानुनले रोजगारदाताहरुलाई उनीहरुका श्रमिकहरुलाई हतोत्साही वा त्रसित बनाउन एउटा कानुनी आधार प्रदान गरेको छ । यसले गर्दा श्रमिकहरुले काम छाड्न वा देश छाड्न चाहँदा वा रोजगारदाताको विरुद्धमा कानुनी लडाईं लड्ने अवस्थामा समेत चुपचाप भएर काम गरिरहनु पर्ने वाध्यता सीर्जना गर्दछ । कतार सरकारले रोजगारदाताको अनुमति बेगर आफ्नो रोजगारदाता छाड्ने श्रमिकहरुलाई “भगौडा” को संज्ञा दिने गर्दछ र रोजगारदाताहरुले “भागेका” श्रमिकहरुको विरुद्धमा उजरी गर्नु पर्दछ । यसबाट आफू उपर भएको ज्यादतीबाट बच्नका लागि भाग्ने आप्रवासी श्रमिकहरु थुनामा पर्ने, चर्को जरिवाना तिर्नुपर्ने वा स्वदेश फिर्ता गरिने जोखिममा रहन्छन् । यसका अलावा आफ्नो रोजगारदाताको अनुमति बेगर काम परिवर्तन गर्न नपाउने कारणबाट उत्पन्न हुने परिणामहरुमध्येको एक त्यो अवस्था पनि हो, जसमा कामको सर्त र सुविधाका बारेमा झुट बताइएको श्रमिकहरु जबरजस्ती श्रमको अवस्थामा काम गर्नु पर्ने वाध्यतामा पर्दछन्, किनकी उनीहरुले आउनुअघि आप्रवासनका लागि लिएको ऋण तिर्नु पर्ने हुन्छ ।

## बाहिरीने अनुमति

स्पन्सरसीप कानुन अनुसार देश छाड्नका लागि अप्रवासी श्रमिकले आफ्नो रोजगारदाताबाट बाहिरीने अनुमति (Exit Permit) लिनु अनिवार्य छ । यसले आप्रवासी श्रमिकहरुलाई रोजगारदाताको दयामा निर्भर हुन वाध्य पार्दछ । यदि मन लाग्यो भने रोजगारदाताले श्रमिकहरुलाई वार्षिक बिदा वा करार अवधि सकिएपछिका अवस्थामा समेत घर जानबाट रोक्न सक्दछन् । यस नियमले गर्दा रोजगारदाताले श्रमिकहरुलाई उनीहरुको बहिर्गमनको प्रक्रिया चलिरहेको भन्ने बहानामा तोकिएको भन्दा पछिसम्म पनि काममा लगाउन सक्नेछन् । बाहिरीनका लागि अनुमति चाहिने व्यवस्थाका कारणले गर्दा धेरै आप्रवासी श्रमिकहरुले आफू उपर कुनै ज्यादती भएमा पनि त्यस विरुद्ध कानुनी प्रक्रिया अघि बढाउनबाट रोकिनु पर्ने हुन्छ ।

यदि रोजगारदाताले श्रमिकलाई अनुमति दिन नसकेमा वा नदिएमा वैकल्पिक उपाय मार्फत् देशबाट बाहिरीनका लागि उनीहरुले पूरा गर्नुपर्ने प्रकिया झन्झटिलो, कठिन र लामो समय लाग्ने प्रकृतिको छ । बाहिरीनका लागि अनुमति लिनु पर्ने व्यवस्था एउटा समस्याको रुपमा रहेको भनी कतार सरकारका अधिकारीहरुले पनि सार्वजनिक रुपमा स्वीकार गरिसकेका छन् ।

*“बाहिरीने अनुमतिपत्र सम्बन्धी व्यवस्थालाई अहिलेकै स्वरुपमा निरन्तरता दिन कठिन छ … । यसको सम्बन्ध दासत्वको व्यवहारसँग जोडिएको छ । यो अहिलेकै जस्तो रहिरहन सक्दैन ।”*

पूर्व प्रधानमन्त्री शेख हमाद बिन जसीम बिन जाबर अल थानी, २००७



© Amnesty International

**शुक्रबारको छुट्टीको दिन आप्रवासी श्रमिकहरु दोहाको औद्योगिक क्षेत्रमा, २०१३ ।**

कतारको राष्ट्रिय मानवअधिकार समितिले स्पन्सरहरुले गर्ने गरेको व्यवहारलाई “नकारात्मक व्यवहार” भन्दै उनीहरुले “श्रमिकहरुलाई देशबाट बाहिरीनका लागि अनुमतिपत्र पाउने अधिकारबाट अनावश्यक तवरले वञ्चित गर्दै आएको” भनेको छ ।

एम्नेस्टी इन्टरनेसनलको ठहर यो छ कि, बाहिरीने अनुमतिपत्रको व्यवस्थाका कारण आवतजावत गर्ने स्वतन्त्रताको उल्लङ्घन गर्दछ र यसबाट श्रमिकहरुको अधिकार उपर ज्यादती गर्न मद्दत पुग्दछ । केही घटनाहरुमा श्रमिकहरुलाई जबर्जस्ती श्रमको अवस्थामा पु-याउन पनि यस व्यवस्थाको प्रयोग भएको छ । (तल हेर्नुहोस्)

## घटना ववविरण

*“कयौँ सपना बुनेर कतार आएका झण्डै १,००० जना भारतीय श्रमिकहरु उपर तपाईंबाट जुन व्यवहार भयो, त्यसप्रति हामी असन्तुष्ट छौँ । महिनौंदेखि उनीहरुको तलव भुक्तानी नदिनुभएको मात्र नभएर तपाईंले उनीहरुलाई जरिबाना तिर्न र घर फर्कने खर्चका निम्ति भारतबाट पैसा मगाउनु पर्ने अवस्थामा पु-याउनुभयो । ”*

दोहास्थित भारतीय राजदुतावासका उपप्रमुखले एउटा निर्माण कम्पनीलाई लेख्नुभएको पत्रको अंश, २१ मे २०१३

हालै निर्माण सम्पन्न भएको रास लफान आकस्मिक तथा सुरक्षा कलेज (Ras Laffan Emergency and Safety College) कतारको राजधानी दोहाबाट करिव ५० मिनेटको सडकयात्राको दुरीमा पर्दछ । यो एउटा कला केन्द्रको इलाका हो, जसप्रति कतारी अधिकारीहरु वेहद गर्व गर्दछन् । यद्यपि भारत, नेपाल र श्रीलङ्काबाट आएका आप्रवासी श्रमिकहरु जसले यो कलेज निर्माणको काममा सहयोग गरेका थिए, उनीहरुका लागि कतारमा काम गर्नु बारम्बारको मानवअधिकार ज्यादतीको लामो त्रासदी सावित भयो ।

श्रमिकका रुपमा उनीहरुले जे जति हासिल गरे त्यसलाई उनीहरुप्रति गरिएको व्यवहारसँग तुलना गर्ने हो भने खासै सन्तोष गर्ने अवस्था देखिँदैन । सन् २०१२ को मध्यतिरबाट कम्पनीले उनीहरुलाई तलव दिन छाड्यो, जसले गर्दा खाना र अन्य अत्यावश्यक खर्चका लागि समस्या प-यो । महिनौंदेखि तलब नपाएका कारण नोभेम्बर २०१२ मा आएर उनीहरु काम रोक्न बाध्य भए र घर फर्कने प्रयास गरे । कम्पनीले उनीहरुलाई घर फर्कने व्यवस्था मिलाउनेछ भनी गरेको बाचा पनि पूरा गरेन । न टिकट दिइयो, न त कतारबाट बाहिरीने अनुमतिपत्र नै । उनीहरुको पासपोर्ट पनि कम्पनीले फिर्ता दिएन । कम्पनीले धेरैजसो श्रमिकहरुलाई कानुनी आवासीय अनुमतिपत्र (रेजिडेन्स परमिट) पनि दिएन जसका कारण उनीहरुले ठूलो रकम जरिवानामा तिर्नु पर्ने भयो र उनीहरु घरको ढोकाबाट वाहिर निस्कने बित्तिकै गिरफ्तारीमा पर्ने जोखिममा परे ।

*“मेरो पासपोर्ट कम्पनीले राखेको छ । अध्यागमनमा नपुग्दासम्म कम्पनीले मलाई मेरो पासपोर्ट फिर्ता दिँदैन । फेब्रुवरी २०११ मा मेरो आवासीय अनुमतिपत्रको म्याद सकिएबाट यता त्यसको नवीकरण नगरिदिएका कारण मलाई ३,००० रियाल (८२४ अमेरिकी डलर) जरिवाना लागेको छ । कम्पनी भन्छ, ‘यदि तिमी घर जान चाहन्छौ भने, त्यो जरिबाना रकम आफैंले तिर्नु पर्छ’ ।”*

एक आप्रवासी श्रमिक, मार्च २०१३

श्रमिकहरुले श्रम मन्त्रालय लगायतका कयौँ कतारी निकायहरुसँग पटक पटक मद्दत मागे, तर पाउन सकेनन् । सन् २०१३ को प्रारम्भसम्म पनि दर्जनौँ श्रमिकहरुले तलब पनि पाएका थिएनन् र घर जाने कुनै उपाय नभएका कारण कतारमै अलपत्र अवस्थामा थिए । फेब्रुवरी २०१३ मा एम्नेस्टी इन्टरनेसनलले कुराकानी गर्दा यी मानिसहरु अत्यन्त चिन्तित अवस्थामा भेटिएका थिए । त्यसै चिन्ताका कारण र परिवारलाई गर्दै आएको सहयोग गर्न नसकेको हुनाले उनीहरुमा मानसिक असर परेको थियो ।

*“मेरी श्रीमती दिनदिनै मलाई घर फर्कनुस् भनेर रुन्छिन् ... हामी आर्थिक समस्यामा परेका छौँ । बुबा कहिले फर्कनुहुन्छ भनेर दिनैपिच्छे बच्चाहरु सोध्छन् ।”*

४४ वर्षिय भारतीय वेल्डर जसलाई विगतमा एउटा निर्माण कम्पनीले काममा लगाएको थियो, मे २०१३

फेब्रुवरी २०१३ मा एम्नेस्टी इन्टरनेसनलले यी मानिसहरुको समस्याका बारेमा परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, आन्तरिक मामिला सम्बन्धी (गृह मामिला) मन्त्रालय र राष्ट्रिय मानवअधिकार समिति समक्ष उठायो र श्रमिकहरुको समस्या तत्काल समाधान गर्न अनुरोध गर्यो । मार्च २०१३ मा ३० देखि ४० जना घर फर्कन सफल भए । तीमध्ये धेरैले जरिबाना र हवाई भाडा आफैं व्याहोर्नु प-यो । प्रायः सबैले कम्पनीबाट आफ्नो पासपोर्ट फिर्ता पाउनका लागि आफूहरुको बाँकी रहेको सबै तलब र सुविधा बापतको रकम बुझिलिएको भनी कागज सही गर्नु परेको थियो । तर यथार्थमा केहीले मात्र घर फिर्ने बेलामा केही बाँकी तलब पाएका थिए ।

यी मध्येका तीनजना निरास श्रमिकहरु अन्ततः आफ्नो तलब भुक्तानी रोकिएको एक वर्ष पछि जुलाई २०१३ मा मात्र घर फर्कन सके ।



**नेपाली आप्रवासी श्रमिक भूपेन्द्र, कतार, मार्च २०१३ । जुन २०११ मा कामको सिलसिलामा भएको कहालीलाग्दो दुर्घटनाका कारण उनी स्थायी रुपमा अपाङ्गताको अवस्थामा पुगे । आफ्नो दुर्घटनाबाट भएको क्षतिपूर्ति पाउनका लागि कतारको अदालती प्रक्रियामा संघर्षरत रहँदा उनले बिना कमाई कतार बस्नु पर्यो । अन्ततः जुलाई २०१३ मा क्षतिपूर्ति प्राप्त गरेर उनी त्यहाँबाट बाहिरीन सफल भए ।**

## फर्कन पनि नसक्ने, नफर्कँदा पनि जोखिममा

रोजगारदाताले श्रमिकहरुको पासपोर्ट नियन्त्रणमा लिनु गैर कानुनी हो । यदि गैरकानुनी हिसावले पासपोर्ट नियन्त्रणमा लिइन्छ भने श्रमिकहरुले उजुर गर्न सक्ने आन्तरिक मामिला सम्बन्धी मन्त्रालयले बताएको छ । तर धैरे घटनाहरुमा मन्त्रालयमा जाँदा पनि श्रमिकहरुले लामो समयसम्म पर्खेर बसिरहनु परेको र देश छाडेर जान नपाएको देखियो ।

आवासीय अनुमतिपत्र समयमै नवीकरण गरिनु पर्दछ । यदि रोजगारदाताले समयमै नवीकरण गरिदिएन भने जरिबाना लाग्न सुरु गर्दछ । यस्तो जरिबाना तिरिसकेपछि मात्र आप्रवासी श्रमिकहरुलाई कतारबाट बाहिरिन दिइन्छ । रोजगारदाताले उसका श्रमिकहरुको जरिवाना तिर्न नसकेको वा नतिरिदिएको अवस्थामा घर जानैका लागि मात्र पनि आप्रवासी श्रमिकहरुले आफैंले यस्तो जरिबाना तिर्नु पर्दछ । जसको म्याद समाप्त भैनसकेको आवासीय अनुमतिपत्र साथमा छैन, त्यस्ता व्यक्तिहरु आइडी चेकको क्रममा गिरफ्तारीमा पर्ने जोखिममा रहन्छन् भने उनीहरुले सरकारले उपलब्ध गराउने स्वास्थ्यकार्ड (हेल्थ कार्ड) पनि पाउन सक्दैनन् । स्वास्थ्य कार्ड हुनेहरुको गैर-आकस्मिक प्रकृतिका घटनामा पनि सहुलियतदरको स्वास्थ्य सेवामा पहुँच हुन्छ (आकस्मिक प्रकृतिका घटनामा स्वास्थ्यकार्ड आवश्यक पर्दैन)।

स्पन्सरसीप कानुनको पुनरावलोकन गर्न एउटा कार्यदल बनाउने भनी कतार सरकारले अक्टोवर २०१२ मा गरेको घोषणाको एम्नेस्टी इन्टरनेसनल स्वागत गर्दछ । यद्यपि एकातर्फ त्यस कार्यदलले के निर्णय गर्यो भनी हालसम्म कुनै जानकारी प्राप्त भएको छैन, भने अर्कोतर्फ सुधारका लागि भनी सरकारले छलफलमा ल्याएका केही विषयहरु अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको नरहुनुले थप चिन्ता बढाएको छ । उदाहरणका लागि अझै पनि श्रमिकलाई देश छाड्नमा बन्देज लगाउन पाउने सम्मको अधिकार सरकारले रोजगारदातालाई दिनेछ ।

## श्रम कानुन र न्यायमा पहुँच

कतारको श्रम कानुन २००४ र विभिन्न घोषणा एवं आदेशहरुले श्रमिकहरुको कानुनी सुरक्षाको व्यवस्था गरेको छ । तर पनि ठूलो संख्याका धैरै आप्रवासी, खासगरी घरेलु श्रमिकहरु, लाई तिनले पटक्कै समेटेका छैनन् । कानुनले नसमेटिएका श्रमिकहरुलाई हप्तामा कतिदिनसम्म काममा लगाउन पाइने, विदा र विश्राम, ज्यादती भएको अवस्थामा उजुरी दर्ता गर्ने, स्वास्थ्य उपचार र उचित आवासको सुविधा जस्ता विषयमा कतारी कानुनले संरक्षण प्रदान गर्दैन ।

हुन त, कानुनको दायरामा पर्ने श्रमिकहरुका हकमा पनि श्रम कानुन र तिनको कार्यान्वयनमा गम्भीर तवरका कमीकमजोरीहरु रहेको देखिन्छ । आवश्यक संख्यामा श्रम निरीक्षकहरुको व्यवस्था नगरिनु र गम्भीर प्रकृतिका ज्यादती गर्ने रोजगारदाता उपर पर्याप्त कारवाही नगरिनु त्यसका उदाहरणहरु हुन् । त्यहाँको कानुनले आप्रवासी श्रमिकहरुलाई ट्रेड युनियन संगठनहरुमा आवद्ध हुन अनुमति दिएको छैन ।

श्रम कानुनले समेटेका श्रमिकहरुले आफ्ना रोजगारदाता विरुद्ध उजुरी गर्न चाहन्छन् भने उनीहरुले श्रममन्त्रालयत मार्फत् राहत पाउन सक्दछन् । श्रम मन्त्रालयले उनीहरुको मुद्दा अदालतमा पठाउन पनि सक्दछ । तथापि अदालतमा पुगेको मुद्दा छिनोफानो हुन महिनौंसम्म पनि लाग्न सक्दछ । यस दौरानमा श्रमिकहरुले अदालती प्रक्रियाका लागि आफू बसेको ठाउँबाट कयौं माइल टाढा रहेको अदालतसम्म पटक पटक जानु पर्ने हुन्छ ।

यस्ता अवरोधहरु श्रमिकहरुलाई निरुत्साहन गर्ने प्रमुख कारकहरु हुन् । खासगरी आफ्नो मुद्दाको प्रक्रिया चलुन्जेल तलब नपाएका धैरैजसो श्रमिकहरुलाई मुद्दाको छिनोफानो हुने बेलासम्म पर्खेर बस्न कठिन हुन्छ । मुद्दालाई निरन्तरता दिने श्रमिकहरुले पनि आफ्नो खाना र अदालती प्रक्रियामा लाग्ने खर्च गर्न या त आफूले कतारमा कमाएर बचत गरेको रकम खर्च गर्नु पर्ने हुन्छ या त ऋण लिनु पर्ने हुन्छ । यस्ता व्यक्तिहरुलाई त्यहाँ कानुनी सहायता उपलब्ध हुँदैन ।

आप्रवासी श्रमिकहरुले श्रम अदालत मार्फत् न्यायको पहुँचका लागि भोग्नु पर्ने सबैभन्दा ठूलो व्यवधान सम्भवतः विशेषज्ञको प्रतिवेदन तयार गर्न अदालतले माग गर्ने शुल्क हुन सक्दछ । यो शुल्क बापत सामान्यतयाः ६०० रियाल (१६५ अमेरिकी डलर) लाग्दछ, जुन निर्माण क्षेत्रमा काम गर्ने श्रमिकको झण्डै एक महिनाको तलब बराबर हुन आउँछ । धैरैजसो आप्रवासी श्रमिकहरुलाई यो रकम जुटाउनु भनेको एउटा जित्नै नसकिने चुनौती जस्तो हुन आउँछ र जसले तलब नपाएका कारण उजुरी गर्दछन् उनीहरुलाई त




यो समस्या अझ ठूलो बन्न पुग्दछ । अदालतले सो शुल्क बुझाउन भने पछि आफ्नो मुद्दा त्यत्तिकै छाडेको बताउने धैरै आप्रवासी श्रमिकहरुलाई एम्नेस्टी इन्टरनेसनलको टोलीले अनुसन्धानका क्रममा भेटेको थियो ।

*"श्रम विभागले मुद्दाहरु अदालत पठाइदिन्छ र त्यहाँ घटनाको प्रकृति हेरिकन ५०० वा ६०० रियाल (१३७ वा १६५ अमेरिकी डलर) तिर्नुपर्छ । एउटा श्रमिकले त्यत्रो रकम कसरी तिर्न सक्छ । त्यो रकम तिर्नु भनेको सगरमाथा चढ्नु सरह हो ।"*
वैदेशिक रोजगारीमा श्रमिकहरु पठाउने एक देशको राजदुतावासका प्रतिनिधि, दोहा, २०१३

आप्रवासी श्रमिकहरुलाई ट्रेड युनियन खोल्न वा आवद्ध हुन अनुमति दिईंदैन । "कतारको श्रम कानुनमा उल्लेख भएका (श्रमिक र रोजगारदाताका) अधिकारहरु सुरक्षित गर्न सहयोग पु-याउन" एक समिति गठन गर्ने प्रस्ताव सरकारद्वारा स्वीकृत गरिन लागिएको बताइएको छ । यद्यपि यस्तो बुझिएको छ कि त्यस समितिमा केवल कतारी नागरिकहरुमात्र रहनेछन् । आप्रवासी श्रमिकहरुले भोट दिन सक्नेछन् तर समितिको चुनावमा उम्मेदवारी दिन भने पाउने छैनन् । यस्तो समिति संगठित हुने अधिकारका स्थापित अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको भने हुँदैन ।

मानवअधिकारप्रति कतारको अन्तर्राष्ट्रिय दायित्व पूरा गर्नका लागि अविलम्ब श्रम कानुनमा विद्यमान कमीकमजोरीहरु सुधार्न एवं सो कानुन कार्यान्वयन गर्न एम्नेस्टी इन्टरनेसनल कतार सरकारलाई आग्रह गर्दछ ।

१ दोहाका सुविधा सम्पन्न आवासीय र कर्पोरेट महलहरुले घेरिएको निर्माणस्थलमा उडेको बादल, २०१२

२ एक शुक्रबारको दिउँसोको समयमा दोहाको औद्योगिक क्षेत्रमा रहेको अल अत्तियाहा मार्केटमा आप्रवासी श्रमिकहरु, अक्टोबर २०१२ । आप्रवासी श्रमिकहरुले हप्तामा एक दिन, साधारणतयाः शुक्रबार, बिदा पाउने गर्दछन् ।

३ दोहाको आर्थिक इलाका, मार्च २०१३ । विश्वको प्रतिव्यक्ति आयका हिसावले *फोर्ब्स म्यागेजिनले* सन् २०१२ का लागि कतारलाई सबैभन्दा धनी मुलुकको रुपमा सूचीकृत गरेको थियो ।

४ आप्रवासी श्रमिकहरु बस्ने क्वाटरहरु, दोहा ।

५ आप्रवासी श्रमिकहरु दोहाको औद्योगिक क्षेत्रमा, अक्टोवर २०१२ । कतारमा धेरैजसो आप्रवासी श्रमिकहरु त्यहाँको प्रमुख व्यवसायिक र आवासीय क्षेत्र भन्दा टाढा रहेको क्याम्पमा बसोबास गर्दछन् । धेरैले कतारी समाजबाट नकारात्मक प्रभाव परेको महसूस गर्दछन् ।

६ दोहामा निर्माण क्षेत्रमा कार्यरत श्रमिकहरु । कतारमा बढ्दो गतिमा रहेको निर्माण उद्योगमा ५ लाख भन्दा बढी आप्रवासी श्रमिकहरु कार्यरत रहेका छन् ।

७ श्रमिकहरुको आवासक्षेत्रमा रहेको आफू बसोबास गर्ने क्वाटरको बाहिर एक आप्रवासी श्रमिक, अक्टोवर २०१२ । रोजगारदाताले कतारी नियमको उल्लङ्घन गर्दै श्रमिकहरुको आवास क्षेत्रको भान्सा र बेडरुमको बाहिर पुराना रङ्ग र निर्माण सामग्री थुपारेर राखेका थिए ।





















६

© Richard Messenger





७

© Shaival Dalal



© Amnesty International



## निर्माणक्षेत्रका श्रमिकहरु

अनुमान फरक फरक छ तर यो विश्वास गरिएको छ कि आगामी दशकमा कतारले २२० अरब अमेरिकी डलर भन्दा बढी रकम बराबरको निर्माण कार्य गर्नेछ । पछिल्लो गणना अनुसार कतारमा सन् २०१० मा २,५१९ वटा निर्माण कम्पनीहरु थिए । ती सबै कम्पनीहरुले गरी ५,०३,५१८ जना विदेशी नागरिकहरुलाई रोजगारीमा लगाएका थिए, जसमध्ये ५,००,६७४ जना पुरुष र २,८४४ जना महिला थिए ।

कतारका धेरैजसो ठूला परियोजनाहरुका मुख्य मालिक वा ग्राहकहरु कतारी इन्स्टिच्युसनहरु नै हुने गर्दछन् जुन या त सरकारकै एक अंग हुन्छन् या त सरकारसँग नजिकको सम्बन्ध रहेकाहरु हुन्छन् । मिडिल इस्ट इकोनोमिक डाइजेस्टले गरेको अनुमान अनुसार कतारमा सन् २०२२ मा हुने फिफा वर्ल्ड कपको आयोजना गर्न आवश्यक स्टेडियम र अन्य आवश्यक निर्माण लगायतका विभिन्न कार्यका लागि सन् २०१२ र २०२० को बीचमा कतारी सरकारले ११७.५ अर्ब अमेरिकी डलर बराबरको खर्च गर्नेछ । विकासको बढ्दो गतिको कारणले गर्दा कतारी कम्पनीहरुका अलावा विश्वका अन्य भागका कम्पनीहरु पनि आकर्षित भएका छन् र त्यस्ता कम्पनीहरुको संलग्नता समयमै परियोजना सम्पन्न गर्न आवश्यक पर्ने विभिन्न सामग्री आपूर्तिमा रहेको छ ।

निर्माणक्षेत्रमा काम गर्ने श्रमिकहरुको आवासको अवस्था प्रायः दयनीय प्रकारको र कार्यस्थलको वातावरण जोखिमपूर्ण हुने गर्दछ । दोहाको एउटा







प्रमुख अस्पतालका वरिष्ठ स्वास्थ्य अधिकारीले सन् २०१३ मा बताउनु भए अनुसार हरेक वर्ष निर्माणस्थलको उचाईबाट खसेका १,००० भन्दा बढी भर्ना हुन आउने र ती मध्ये सरदर १० प्रतिशत श्रमिकहरु सदाको लागि अपाङ्गताको अवस्थामा पुग्दछन् ।

आप्रवासी श्रमिकहरुलाई उपलब्ध गराइने आवास सुविधाको मापदण्ड कतारी निकायहरुले निर्धारण गरेको त छ तर व्यवहारमा धैरैजसो आप्रवासी श्रमिकहरुलाई उपलब्ध गराइने आवासको अवस्था निर्धारित मापदण्ड बमोजिमको हुने गर्दैन । भीडभाडमा सुत्नुपर्ने समस्या व्यापक मात्रामा रहेको छ । एउटा सानो कोठामा १० वा १५ जना सुत्नु पर्ने हुन्छ । ४५ डिग्री सेल्सियसको तापक्रम रहने वातावरणमा एअरकण्डिसन नै नहुनु वा त्यो नचल्ने अवस्था अर्को प्रमुख जटिल समस्या हो । ढल फुट्ने र खुला सेफ्टी ट्याङ्क यत्रतत्रको समस्याको रुपमा देखियो । आवास क्षेत्रको अपर्याप्त सरसफाई, फोहोर संकलन र व्यवस्थापनको अभाव, र बाथरुम र भान्साको दुर्गती आफैमा समस्याको विषय त छँदै थिए, यी अव्यवस्थाका कारणले संक्रमण फैलन मद्दत पुग्ने समेत देखिन्थ्यो ।

यसका अलावा, पारिश्रमिकको भुक्तानीमा ढिलाई र स्पन्सरसिप कानुनको नकारात्मक असरका कारण पनि निर्माणक्षेत्रका धैरैजना श्रमिकहरु चर्को शोषणको सामना गर्न वाध्य छन् ।

निर्माणक्षेत्रका श्रमिकहरुप्रति गरिने नराम्रो व्यवहारका कारणले कहिलेकाँही उनीहरुलाई दमित मनस्थितिमा पु-याउने गर्दछ । एउटा सब-कन्ट्र्याक्टीङ्ग कम्पनीका म्यानेजरले नेपाली श्रमिकहरुले लेखेको एउटा पत्रलाई “*जनावरहरुले पठाएको पत्र*” भनेको एम्नेस्टी इन्टरनेसनलले पनि सुन्यो ।

## केही उपयोगी तथ्याङ्कहरु

**९०%** को पासपोर्ट तिनका रोजगारदाताले नियन्त्रणमा लिएका थिए ।

**५६%** सँग सार्वजनिक अस्पतालमा पहुँच पाउनका लागि आवश्यक पर्ने सरकारी स्वास्थ्य कार्ड थिएन ।

**२१%** ले “कहिलेकाँही” मात्र समयमा तलब पाए वा “कहिल्यै पनि” समयमा पाएनन् ।

**२०%** ले आफूलाई बाचा गरिएको भन्दा कम तलब पाए ।

**१५%** ले आफूलाई बाचा गरिएको भन्दा फरक काम गर्नु प-यो ।

स्रोतः कतारको राष्ट्रिय अनुसन्धान कोषको आर्थिक सहयोगमा कतारमा न्यून कमाई गर्ने १,१८९ जना श्रमिकहरुका सम्बन्धमा सन् २०१२ मा गरिएको सर्भेक्षण ।

एम्नेस्टी इन्टरनेसनललाई बताइएका जे जति पनि ज्यादतीहरु छन्, ती मध्ये अधिकांश खासगरी ५० देखि २०० जनासम्म श्रमिकहरुलाई काममा लगाउने साना प्रकृतिका सब-कन्ट्र्याक्टीङ्ग फर्ममा काम गर्ने श्रमिकहरुले बताएका हुन् । यद्यपि कतारमा कार्यरत बहुराष्ट्रिय कम्पनी लगायतका केही प्रमुख परियोजनाका मालिकहरु र प्रमुख ठेकेदारहरुले उनीहरुको निर्माणक्षेत्रमा कार्यरत श्रमिकहरुमाथि जे भैरहेको छ, त्यसको जिम्मेवारी नलिने गरेकोमा एम्नेस्टी इन्टरनेसनल चिन्तित छ । अन्तर्राष्ट्रिय फर्महरु एवं कतार २०२२ आयोजक समितिजस्ता कतारी निकायहरुले उनीहरुका सब-कन्ट्र्याक्टरहरु उपर निगरानी राख्न र ती परियोजनाहरुमा हुने ज्यादतीहरु रोक्न अत्यावश्यक छ ।

**_सबैभन्दा बाँया_: दोहाको औद्योगिक क्षेत्रमा रहेको श्रमिकहरुको एक आवासगृहमा थुप्रिएको फोहोर, मार्च २०१३ । धरासायी अवस्थामा पुगेको कम्पनीले नियमित रुपमा फोहोर संकलनका लागि रकम तिर्न विफल भएको थियो । त्यस कम्पनीले एम्नेस्टी इन्टरनेसनललाई आफू आर्थिक संकटमा परेको बतायो ।**
**_बीचको फोटो_: श्रमिकहरुको आवासस्थित आफू सुत्ने कोठामा एकजना आप्रवासी श्रमिक घर फर्कनका लागि झोला प्याकिङ्ग गर्दै, कतार २०१२ । कोठाहरुमा अचाक्ली खचाखच भिडकासाथ उनीहरुलाई राखिनु त्यहाँ सामान्य जस्तै हुन्छ ।**
**_माथि_: निर्माणक्षेत्रका आप्रवासी श्रमिकहरु । दोहा, मार्च २०१३ ।**



## घरेलु श्रमिकहरु

*"मलाई सोधियो भने कुन एउटा कुरा परिवर्तनका लागि मैले अनुरोध गर्थे भने, हामीलाई मानिसको जस्तो व्यवहार गरियोस्"*

एक जना घरेलु श्रमिक महिला, आफ्नो रोजगारदातालाई छाडेको एक महिनापछि एम्नेस्टी इन्टरनेसनलसँग कुरा गर्दै, अक्टोवर २०१२

सन् २०१० मा संकलन गरिएको तथ्याङ्क अनुसार करिव १,३०,००० जना, जसमध्ये लगभग ८०,००० महिलाहरु घरेलु श्रमिकका रुपमा कार्यरत रहेका थिए । स्पन्सरसीप कानुनको नकारात्मक प्रभाव, श्रम कानुनले प्रदान गर्न सक्ने संरक्षणका व्यवस्थाले घरेलु श्रमिकहरुलाई नसमेटिनु, र रोजगारदाताको घरमा काम गर्दा एक्लो अवस्थामा हुनु जस्ता सबै कारणहरुले गर्दा घरेलु श्रमिकहरु विशेष प्रकृतिको जोखिममा पर्ने गर्दछन् । न्यायमा पहुँच गर्दा वा ज्यादतीपूर्ण व्यवहारबाट उम्कन खोज्दा उनीहरुले झन ठूला व्यवधानहरुको सामना गर्नु पर्दछ ।

*"त्यो समूह, जसको दुर्दशाको बृतान्त उनीहरुको रोजगारदाताको बन्द पर्खालको चौघेरामा रहेको घरभित्र छुपेको छ, नै निसन्देह ज्यादती र शोषणबाट सबैभन्दा बढी प्रभावित समूह हो । यो त्यस कारण हो कि स्पन्सरसिप कानुनको नकारात्मक असर र प्रताडनाका अन्य कारणहरुले गर्दा उनीहरुमाथिको जोखिम तीव्र भएको छ र उनीहरुको कामको अवस्थाका सम्बन्धमा विद्यमान कानुनी संयन्त्र बडो कमजोर छ ।"*

मानव वेचविखन, खासगरी महिला र बालबालिका, सम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदक । कतार, बराइन र ओमानको भ्रमणको लगत्तै पछि, २००६

*"आफ्ना स्पन्सरलाई छाडेर भागेका घरेलु श्रमिक र ड्राइभरहरुका सम्बन्धमा हामीले गरेको अनुसन्धानबाट उनीहरु उपर दुर्व्यवहार र घरेलु हिंसा भएको पाइनुका साथै (रामादानमा) बढी काम लगाउने र हप्तामा कुनै पनि दिन छुट्टी नै नदिने जस्ता केही प्रमुख सन्तापहरु उनीहरुले भोग्नु परेको पायौं, जसका कारण घरपेटीको पकडबाट उम्केर उनीहरु भाग्न वाध्य भएका थिए ।"*

आन्तरिक मामिला सम्बन्धी मन्त्रालय अन्तर्गतको सर्च एण्ड फलोअप विभागका निर्देशक, २०११

घरेलु श्रमिकहरुलाई प्राय गरेर राम्रो तलब दिने, आठ घण्टामात्र काममा लगाउने, हप्तामा छ दिन मात्र बालबच्चा हेर्ने जस्ता काम गरे पुग्ने लगायतका बाचाहरु गरेर भर्ना गरिन्छ । कतिपयलाई विस्तृत रुपमा करारपत्र नै दिइन्छ । तरपनि जब उनीहरु कतार आइपुग्छन्, महिलाहरुले आफूलाई बताइएको भन्दा धेरै फरक अवस्था पाउँछन् । उनीहरुले ज्यादै धेरै घण्टासम्म र हप्तामा सातै दिन काम गर्नु पर्छ । सरसफाई गर्ने, पकाउने र बालबच्चा हेर्ने जस्ता यावत कामहरु लगाइन्छ र तलब पनि पहिला भनिए भन्दा कम दिइने गरिन्छ । धेरैजनाले उनीहरुको रोजगारदाताले तल्लोस्तरको र अमानवीय व्यवहार गर्ने गरेको बताए ।

घरेलु श्रमिकको रुपमा काम गर्ने महिलाहरुले भोग्नु परिरहेका समस्याहरुमध्ये यौनहिंसा लगायतका लैङ्गिक हिंसाको समस्या प्रमुख हो । त्यसमाथि पनि वैवाहिक सम्बन्ध बाहिरको यौनसम्बन्धलाई कतारको दण्डसंहिताले अपराधिकरण गरेको कारणले पनि घरेलु श्रमिकहरु असमानुपातिक तवरले प्रभावित भएका छन् । केही महिलाहरु जसले आफू उपर बलात्कार भएकोमा उजुरी गरेका थिए, उनीहरु उपर उल्टै "अवैधानिक सम्बन्ध" राखेको कसुरमा छानबीन गरियो । फेब्रुवरी २०१२ मा आफ्नो रोजगारदाताको घर फोरेर एकजना मानिसले आफूउपर बलात्कार गर्ने बित्तिकै आफूले प्रहरीलाई बोलाएको घटनाका बारेमा एक महिलाले एम्नेस्टी इन्टरनेसनललाई बताइन् । तर उनलाई "अवैधानिक सम्बन्ध" राखेको अभियोग लगाइयो र उनले झण्डै चार महिना थुनिनु प-यो । जुलाई २०१३ मा एम्नेस्टी इन्टरनेसनलले सो घटनाको थप अनुसन्धान गर्दा ती महिला विरुद्धको अभियोजनको प्रक्रिया चलिरहेको जानकारी पाइयो । त्यस घटनामा उनले आफूमाथि बलात्कार भएको भनी दिएको उजुरी उपर भने खास छानबीन भएको कुनै जानकारी पाइएन ।

कतारमा घरेलु श्रमिकका रुपमा काम गर्न फिलिपिन्सबाट आएका महिलाहरुले उनीहरुलाई दिने भनिएको तलबका बारेमा झुट बताइएको भनी बारम्बार बताए । अप्ठ्यारोमा परेका फिलिपिनो आप्रवासीहरुलाई मद्दत गर्दै आएका दोहा निवासी एकजनाले एम्नेस्टी इन्टरनेसनललाई यसो भन्नुभयो -

*"४०० अमेरिकी डलर दिने भन्ने करारपत्रको एकदम कम पालना गरिन्छ । पहिलाको करारपत्रको सट्टामा अरबिक भाषामा उनीहरुलाई अर्को करारपत्र दिइन्छ र तलबबाट 'भर्ना खर्च' र 'आवासीय अनुमतिपत्र नवीकरण शुल्क' लगायतका धेरैथरीका खर्च कटौती गरिन्छ ।"*

महिलाहरुले उनीहरुको कार्यघण्टा र कामको प्रकार आफूलाई सुरुमा बताइएको भन्दा ज्यादै फरक भएको बताए । यसप्रकारको धोकाका कारण










उनीहरुमा पर्ने मानसिक असर गम्भीर प्रकृतिको हुन सक्दछ । निर्माणक्षेत्र र घरेलु गरी दुवै प्रकारका श्रमिकहरुको उपचार गर्दै आएको हमाद अस्पतालको मानसिक विभागका अधिकारीहरुले कामको बारेमा धोका दिइएका कारण हुने व्याकुलता र मानसिक तनाव नै त्यस विभागमा भर्ना हुन आउने श्रमिकहरुको सबैभन्दा ठूलो कारण (Number one cause) भएको एम्नेस्टी इन्टरनेसनललाई बताउनुभयो । त्यस विभागमा हरेक वर्ष सरदर ३० जना घरेलुश्रमिकहरु भर्ना हुने गरेका छन् र यो संख्या अन्य पेशा गर्नेहरुको तुलनामा धेरै हो । त्यसरी भर्ना हुन आउनु पर्नाको घटना तर्फ हेर्दा आत्महत्याको प्रयास सबैभन्दा बढी पाइएको थियो ।

धेरैजना घरेलु श्रमिकहरुले आफूलाई अपमान र ज्यादतीपूर्ण व्यवहार गरिएको बताए । जबसम्म उनीहरु कतारमा रहन्छन् तबसम्म उनीहरुको जीवनको प्रायः सबै पक्ष रोजगारदाताले नियन्त्रणमा लिन सक्दछन् । प्राय सबैजसोलाई उनीहरुले काम गर्ने घरभन्दा बाहिर जान दिईदैन । धेरैजना श्रमिकहरुले घर मालिक बाहिर जाँदा आफूलाई घरभित्रै बन्द गरेर जाने गरेको बताए ।

*“हामी प्राय गरेर घरेलु श्रमिकहरुलाई मोबाइल लिन दिदैनौं । जब महिलाहरु श्रीलङ्का, इन्डोनेसिया लगायतका देशहरुबाट आइपुग्छन्, तब हामी उनीहरुको मोबाइल लिन्छौं । यदि कसैले बिना अनुमति मोबाइल किन्‍ यो र पछि स्पन्सरले उसले मोबाइल लिएको देख्यो भने स्पन्सरले सोच्नेछ कि त्यो महिलाको केटा साथी (ब्वाईफ्रेन्ड) छ ।”*
दोहास्थित एक रोजगारदाता एजेन्सीको प्रतिनिधि, मार्च २०१३

एक घरेलु श्रमिकले सामान्य अनुरोध गरेर आफ्नो रोजगारदाता छोड्नु ज्यादै असम्भव छ । तसर्थ धेरैले बिना अनुमति रोजगारदातालाई छाड्ने गर्दछन्, जसलाई कतारी निकायहरुले “भगौडा” को रुपमा व्यवहार गर्दछ ।

*“जब मैले म छोड्न चाहन्छु भने, तब मलाई मेरो रोजगारदाताले ‘यदि तँ मेरो घर छाड्न चाहन्छेस् भने म तलाई मारिदिन्छु’ भनिन् । फेरि अर्को पटक म्याडमले मलाई गालीगलौच र कुटपिट गरेपछि मैले छाड्ने इच्छा गरे तब म्याडमले भनिन्, ‘यदि तँ मेरो घर छाड्छु भन्छेस् भने म तलाई दस महिनासम्म बिना तलब काम गराउँछु’ ।”*
फिलिपिन्सबाट आएकी घरेलु महिला, २०१३

घरेलु श्रमिकहरु ज्यादती गर्ने रोजगारदाताको पकडबाट जब भाग्छन् तब उनीहरुले सहयोग पाउनु त कता हो कता उल्टै थुनिनु पर्ने र देशफिर्ता गरिने जोखिममा रहन्छन् । कतारको डिपोर्टेसन सेन्टरमा रहेका महिलाहरुमध्ये अधिकांश घरेलु श्रमिकहरु छन् । धेरैजना आफ्नो राजदुताबासको शरणमा पुग्दछन् । श्रमिक आपूर्ति गर्ने एउटा देशको कतारस्थित दुतावासका एकजना प्रतिनिधिले एम्नेस्टी इन्टरनेसनललाई यसो भन्नु भयो - “यस्ता श्रमिकहरु ब्यापक तनावको अवस्थामा हामीकहाँ आइपुग्छन् र धेरैजसोले घर फर्काइदिन अनुरोध गर्दछन् । केहीले भने अर्को रोजगारदाताकोमा स्थानान्तरण गरिदिन भन्दछन् ।”

सरकारी अधिकारीहरुले पहिलैदेखि घरेलु श्रमिकहरुको “अधिकार र कर्तव्य” स्पष्ट पार्न कानुन ल्याइने बताउँदै आएका छन् र पछिल्लो पटक सन् २०१० मा पनि सो कुरा उनीहरुले दोहो-याएका थिए । यद्यपि यसका लागि कुनै पनि भरपर्दा प्रक्रियाहरु हालसम्म प्रारम्भ गरिएको छैन ।

***बीचको फोटोः* : इन्डोनेसियाबाट मध्यपूर्वतर्फ जाँदै आप्रवासी श्रमिकहरु, जुन २०११ । घरेलु श्रमिकहरुलाई उनीहरुले पाउने पारिश्रमिक र सुविधाका बारेमा प्रायः झुक्याउने गरिन्छ । पहिला गरिएको विस्तृत करारपत्रलाई या त नयाँ करारपत्रले प्रतिस्थापन गरिन्छ या त उनीहरु कतार आइपुगेपछि पालना गरिँदैन ।**
***माथि* : आफ्नो रोजगारदाताले गरेको आक्रमणका कारण लागेको घाउ देखाउँदै एक आप्रवासी श्रमिक, २०१३ । उनले १७ महिना काम गरुन्जेल उनकी रोजगारदाताले पटकपटक शारीरिक हमला गरेको कुरा एम्नेस्टी इन्टरनेसनललाई बताइन् ।**



© Amnesty International (Photo: Ricardo Ramirez Arriola)

***दायाँ*: आप्रवासी श्रमिक एउटा क्याम्पमा पकाउँदै र सरसफाइ गर्दै, कतार २०१२ ।**
***सबैभन्दा दायाँ*: बिना विजुलीको आप्रवासी श्रमिकहरुको आवास, अल खोर, मार्च २०१३ । रोजगारदाताले बिजुलीको बिल नतिरेका कारण त्यो आवासगृहको बिजुली काटिएको थियो । पृष्ठभूमिमा नजिकैको फुटबल स्टेडियममा झिलिमिलि बालिएको फ्लडलाइट । २०२२ को विश्वकप फुटवल अन्तर्गतको एउटा समूहको खेल अल खोरमा हुने योजना छ ।**

## घटना विवरण - मारिया

मारिया (नाम परिवर्तन) फिलिपिन्सकी २४ वर्षिया महिला हुन् । उनी घरेलु श्रमिकको रुपमा काम गर्न सन् २०१२ मा कतार आएकी थिइन् । उनले फिलिपिन्समा बैदेशिक रोजगार कम्पनीसँग एउटा करार गरेकी थिइन् जसमा उनको मासिक तलब १,४५० रियाल (४०० अमेरिकी डलर) हुने उल्लेख गरिएको थियो । तर जब मारिया कतार आइपुगिन्, उनलाई मासिक केवल ८०० रियाल (२२० अमेरिकी डलर) मात्र दिने भनियो । यसमाथि पनि घर मालिक्निले त्यो रकम रोकेर राखिने र करार अवधिको अन्त्यमा एकमुष्ठ भुक्तानी गरिने बताइन् ।

कतार आइपुग्ने बित्तिकै अध्यागमनका अधिकारीहरुले मारियाको पासपोर्ट नियन्त्रणमा लिए । रोजगारदाता एजेन्सी उनलाई लिन आएपछि उनको पासपोर्ट एजेन्सीलाई नै दिइयो । जब उनी रोजगारदाताको घरमा आइपुगिन् तब उनको मोबाइल फोन, परिचयपत्र र अन्य कागजपत्र खोसियो । उनको कपडाहरु पनि खोसियो र उनले सधैंभरि एउटा युनिफर्म लगाउनु प-यो । मारियालाई अन्य घरेलु श्रमिकहरुसँग कुराकानी नगर्न र घरमालिकका साथमा बाहिर गएको बेलामा समेत पनि अन्य कसैसँग कुराकानी नगर्न भनियो । हरेक दुई हप्तामा उनको आमासँग करिव २० मिनेटका दरले फोनमा कुरा गर्न भने उनलाई दिइयो ।

मारियाले ३ जना बालबच्चाको स्याहारसुसार, बगैँचा र सरसफाईको काम गर्नु पर्थ्यो । उनी बिहान ५.३० देखि मध्यरातसम्म लगातार काम गर्थिन् । उनलाई हप्तामा कुनै पनि दिन छुट्टी दिइएन, न त उनलाई प्रार्थनाका लागि चर्चनै जान दिइयो ।

यसैबीच वर्षदिनसम्म पनि तलब नदिइएका कारण अर्की एकजना श्रमिक भागिन् । त्यसपछि रोजगारदाताले मारिया र अर्की एकजना महिलालाई शारीरिक रुपमै हातपात गरिन् ।

*"जुन केटी भागिन् ऊ सँग म्याडम रिसाइरहेकी थिइन् । म्याडमले ट्वाइलेटमा मेरो टाउको ठोकाइदिइन् र मेरो कपाल जगल्ट्याइन् । म रोएँ । त्यसपछि तिनले 'तँ हिडिहाल्, म तलाई एजेन्सीमा पठाइदिन्छु' भनिन् । अर्की केटी पनि रोइरहेकी थिई । म्याडमले उसलाई पनि लछारपछार पारिन् । जब त्यस केटीले (घर) छोट्ने प्रयत्न गरी, उनलाई म्यानेजरले धकेले । त्यसपछि केटीले 'नाईं, नाईं' भनिरहेकी थिई तर म्यानेजरले धकलधाकल गरिरहेको थियो । म केटाकेटीहरुसँग भान्सामा लुकेर बसे । मलाई ज्यादै डर लागेको थियो ।"*

मारियाले त्यस घरमा झण्डै चार महिना काम गरिन् र त्यतिबेलासम्म एक पैसा पनि नपाएपछि त्यो घर छाडिन् । तरपनि त्यसको लगतै उनलाई नियन्त्रमा लिइयो । मारियाले घर छाडेर हिँडेका कारण उनीसँग एजेन्सी पनि रिसाएको थियो । रोजगारदाताहरुले मारियालाई उनको घर फिलिपिन्स जान नदिने निर्णय गरेका छन् भनी एजेन्सीले उनलाई बतायो ।

*"उनीहरुले मलाई बताए अनुसार समस्या यो छ कि स्पन्सरले मलाई बाहिरिने अनुमति वा मेरो तलबमध्ये एक दिन अस्वीकार गरेको छ । मैले मेरो तलब मलाई चाहिएन, तर टिकट किनिदिनुहोस् भने । तर उनीहरुले 'तैंले करारको अवधि पूरा गरेकी छैनस्, केवल चार महिना मात्र काम गरेकी छेस् । ... उनीहरुले भनेका छन् 'तैंले अरु कसैकोमा काम गर्न सक्छेस्, तर हाम्रो लगानी तिर्नु पर्छ' । मैले भने मलाई तलब चाहिएन, म केवल घर फर्कन चाहन्छु ।"*

एम्नेस्टी इन्टरनेसनलले मारियालाई भेट्दाको बखतसम्म पनि रोजगारदाताले उनको सबै सरसामान र कागजातहरु नियन्त्रणमा राखिराखेको थियो ।

*"धेरै एजेन्सीले मैले अर्को रोजगारदाताकोमा काम गर्नु पर्छ, अनि मात्र मैले मेरो पासपोर्ट र तलब पाउँछु भनेका छन् । ... गत हप्ता म डिपोर्टेसन सेन्टर गए, तर त्यहाँ पनि उनीहरुले पासपोर्ट बिना मैले घर जान नपाउने बताए ।"*



© Private



© Amnesty International

घरेलु श्रमिकहरुको सम्मानपूर्वक कामको अधिकार सम्बन्धी आइ.एल.ओ. महासन्धि नं. १८९ अनुमोदन गर्न, त्यस महासन्धिमा उल्लेखित प्रावधानहरु घरेलु कानुनमा समावेश गर्न एवं ती कानुन, नीति र व्यवहारको कार्यान्वयन गर्न एम्नेस्टी इन्टरनेसनल कतार सरकारलाई अनुरोध गर्दछ । घरेलु श्रमिक लगायत सबै प्रकारका श्रमिकहरुलाई संरक्षण प्रदान गर्न सक्ने गरी श्रम कानुन संशोधन गर्न र घरेलु श्रमिक लगायतलाई गरिने घरेलु हिंसालाई अपराध घोषित गर्न नयाँ कानुन तर्जुमा गर्न एवं सो कानुनको कार्यान्वयन गर्न पनि एम्नेस्टी इन्टरनेसनल आग्रह गर्दछ ।

## जबर्जस्ती श्रम र मानव बेचविखन

एम्नेस्टी इन्टरनेसनलले कतारका त्यस्ता धैरै मानिसहरुको घटना विवरण संकलन गरेको छ जसलाई उनीहरुले गर्नुपर्ने कामको प्रकृति एवं पाइने सुविधाका बारेमा धोका दिइएको थियो र जबर्जस्तीको अवस्थामा काम गरिरहेको थिए । यसरी जबर्जस्ती काममा लगाउनका लागि रोजगारदाताहरुले विभिन्न विधिहरु प्रयोग गर्ने गर्दछन् । त्यसमध्ये केही विधिहरुः तलब रोकेर राख्ने वा तलबै नदिने, परिचयपत्र वा व्यक्तिगत अन्य महत्वपूर्ण कागजातहरु नियन्त्रणमा लिने, कामको प्रकार एवं पाइने सुविधाका बारेमा झुटा वाचाहरु गर्ने, घुमफिर गर्न बन्देज लगाउने, र काम गर्ने ठाउँभन्दा अन्यत्र जान नदिएर शारीरिक रुपमै बन्द गर्ने ।

श्रमिकहरुका विरुद्धमा रोजगारदाताहरुले विभिन्न प्रकारका धम्की र सजायको प्रयोगका घटनाहरुको विवरण पनि एम्नेस्टी इन्टरनेसनलले संकलन गरेको छ र ती मध्ये केही विधिहरु निम्नानुसार छन् - आर्थिक जरिवाना, काम छाडेमा जरिवाना गर्ने वा भुक्तान हुन बाँकी तलव नदिने जस्ता धम्की, विभिन्न निकायमा उजुरी गरिदिने वा स्वदेश फिर्ता गरिदिने र शारीरिक हिंसा आदि ।

कतार पक्षराष्ट्र रहेको आइ.एल.ओ. महासन्धि नं. २९ ले गरेको परिभाषा अनुसार अस्वैच्छिक (जबरजस्ती) अवस्थामा र सजाय दिने भनी स्पष्ट धम्की दिइएका कारण वाध्य भई काम गर्नु परिरहेको छ भने त्यसलाई जबरजस्ती श्रमको अवस्था भनिन्छ । पालेर्मो प्रोटोकल (मानव बेचविखन, खासगरी महिला र बालबालिकाको बेचविखन रोक्न, अन्त्य गर्न र आवश्यक सजाय गर्न बनेको संयुक्त राष्ट्रसंघीय प्रोटोकल) जसलाई कतारले अनुमोदन गरेको छ, त्यसले पनि कामको प्रकार र सुविधाका विषयमा धोका दिइन्छ भने त्यो मानव बेचविखन र जबरजस्ती श्रमको प्रमुख कारक हो भनी परिभाषित गरेको छ ।

एम्नेस्टी इन्टरनेसनलले संकलन गरेको केही घटनाहरुका ज्यादतीको प्रकृति र गाम्भीर्यतालाई हेर्ने हो भने ती घटनाहरु स्पष्टतः अन्तर्राष्ट्रिय कानुनले परिभाषित गरे बमोजिमको जबरजस्ती श्रम वा मानव बेचविखनको प्रकृतिका देखिन्छन् ।

### घटना विवरण - ग्रेस

ग्रेस (नाम परिवर्तन) २० वर्षिया युवती हुन् । उनी अगस्ट २०१२ मा एक जना युरोपियन रोजगारदाताको घरमा काम गर्नका लागि कतार आइपुगेकी थिइन् । उनले कामका लागि कतार आउनु भन्दा पहिला नै आफूले रोजगारदातासँग सोझै कुरा गरेको र त्यस कुराकानीमा उनको मासिक तलब ८०० रियाल (२२० अमेरिकी डलर) हुने एवं हप्तामा एक दिन छुट्टी पाइने कुरा बताइएको कुरा ग्रेसले एम्नेस्टी इन्टरनेसनललाई बताइन् । यद्यपि, जब उनी कतार आइपुगिन् तब उनका रोजगारदाताले उनको मासिक तलब ७३० रियाल (२०० अमेरिकी डलर) हुने र हप्तामा एक दिन पनि छुट्टी नपाइने बताए । अगस्ट २०१२ देखि मार्च २०१३ को बीचमा उनलाई जम्मा २ पटक चर्च जानका लागि घर छाड्ने अनुमति दिइएको थियो ।

एम्नेस्टी इन्टरनेसनलले मार्च २०१३ मा ग्रेससँग कुराकानी गर्दा उनले सात महिनासम्म काम गरिसक्दा पनि केवल तीन महिनाको मात्र तलब दिइएको थियो । उनले आफ्ना रोजगारदातासँग पटक पटक घर फर्कन चाहेको कुरा बताइन् । तर रोजगारदाताले उनलाई कतार ल्याउँदा खर्च भएको हवाई भाडा बापतको ७०० अमेरिकी डलर तिर्ने भए मात्र घर फर्कन दिने नत्र नदिने बताए । उनीसँग त्यतिको पैसा थिएन र आफ्नो तलब पनि रोजगारदाताले नै रोकेर राखेका थिए ।

## घटना विवरण - रेजा




रेजा (नाम परिवर्तन) एक एसियन पुरुष हुन् । उनी सन् २०१० मा एउटा घरमा कुकको काम गर्न भनेर कतार आएका थिए । तर जब उनी आइपुगे, उनलाई उनका रोजगारदाताले एअरपोर्टमा भेट्न आए र ऊँट गोठमा काम गर्नका लागि भनेर गाडीमा राखेर सोझै मरुभूमितर्फ लगे । पशु स्याहारको क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई कतारको श्रम कानुनले समेटेको छैन । तसर्थ यस कामको श्रम हेर्ने निकायबाट अनुगमन हुँदैन ।

कतार आइपुग्नुअघि रेजालाई मासिक १,००० रियाल (२७५ अमेरिकी डलर) दिइनेछ भनिएको थियो तर मासिक केवल ९०० रियाल (२४७ अमेरिकी डलर) मात्र भुक्तानी दिइयो । एम्नेस्टी इन्टरनेसनलले अक्टोवर २०१२ मा भेट्दा उनी एउटा पालको मुनि बसोबास गर्दथे, जहाँ एअर कण्डिसन र पानीको आपूर्ति थिएन । उनलाई त्यो ठाउँ छाडेर अन्यत्र आउने जाने अनुमति दिइएको थिएन । उनलाई मस्जिद जान समेत पनि दिइएको थिएन । उनले हप्ताको साते दिन विहान ५ बजेदेखि रातको ११ बजेसम्म खुला मरुभूमिमा काम गर्नु पर्दथ्यो र केवल मध्यान्हमा २ घण्टा विश्राम गर्न पाउँथे ।

रेजाले आफूले काम छाड्न र घर जान चाहेको बताए । तर यो कुरा स्पन्सरलाई बताउन डर लागेको बताए, किनकी कुनै पनि कुरा भन्ने बित्तिकै उनको स्पन्सर रिसाउने गर्दछन् । आफ्नो हरेक दिनको खाना र पानी ल्याउने कामका लागि उनी उनको रोजगारदातामा निर्भर थिए ।

***माथि*: रेजाले काम गर्ने ठाउँ ।**
***आवरण फोटो*: दोहाको औद्योगिक क्षेत्रमा रहेको आवासगृहमा श्रमिकहरु, मार्च २०१३**
**© एम्नेस्टी इन्टरनेसनल**

## सिफारिसहरु

कतार सरकारले निम्न लिखित कामहरु गर्नु पर्दछ -

- आप्रवासी श्रमिकहरुलाई रोजगारदाताको बन्धनबाट मुक्त गर्न विदेशी नागरिकहरुले घर जान चाहेमा जान सक्ने अनुमति दिने लगायतका व्यवस्था समावेश गरेर स्पन्सरसिप कानुन परिमार्जन गर्नु पर्दछ;

- श्रम कानुनले घरेलु श्रमिकहरुलाई समेत संरक्षण गर्न सक्ने लगायतका व्यवस्था गरेर ती श्रमिकहरुको अधिकार कतारी कानुनमा समावेश गर्नु पर्दछ; र

- श्रमिकहरु विरुद्ध ज्यादती र शोषण गर्नबाट रोजगारदातालाई रोक्न र त्यसो गर्ने रोजगारदाताहरुलाई जवाफदेही बनाउन कतारको श्रम कानुनमा विद्यमान संरक्षणका व्यवस्थाहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नु पर्दछ ।

कतार २०२२ आयोजक समिति र कतारमा सञ्चालन भैरहेका निर्माण कम्पनीहरुले निम्न लिखित कार्य गर्नु पर्दछ -

- मानवअधिकारको संरक्षण गर्छौं भनी सार्वजनिक प्रतिवद्धता व्यक्त गर्नु पर्दछ र उनीहरुको कामको दौरान हुन सक्ने ज्यादतीका बारेमा जानकारी हासिल गर्न र त्यस्ता ज्यादती रोक्न उपयुक्त संयन्त्रहरुको व्यवस्था गर्नु पर्दछ । ज्यादतीहरु अन्य निकाय, जस्तै सब-कन्ट्रयाक्टर एवं आपूर्तिकर्ता लगायतबाट पनि हुन सक्दछ भन्ने कुरालाई ध्यान दिनु पर्दछ र जहाँ, जसबाट भएका भएपनि ज्यादतीहरुको सम्बोधन गर्न तत्काल कारवाही अघि बढाउनु पर्दछ ।

आप्रवासी श्रमिकहरुका गृहदेशका सरकारहरुले निम्नलिखित कार्यगर्नु पर्दछ -

- केवल कमाउने मात्र नियत राख्ने खालका वैदेशिक रोजगार एजेन्सी र मध्यस्तकर्ताहरुले आप्रवासी श्रमिकहरुलाई झुट कुरा बताएर कतारमा जस्तोसुकै काम स्वीकार्न वाध्य पार्ने अवस्थाबाट आफ्ना नागरिकहरुलाई संरक्षण गर्ने ।

एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल गम्भीर मानवअधिकार हननको अन्त्यका लागि कार्यगर्ने विश्वव्यापी अभियान हो । यस अभियानमा विश्वका १५० भन्दा बढी देश र भूभागका ३० लाख भन्दा बढी समर्थक, सदस्य र अभियन्ताहरु आवद्ध रहेका छन् ।

मानवअधिकारको विश्वव्यापी घोषणा एवं मानवअधिकार सम्बन्धी अन्य दस्तावेजहरुमा उल्लिखित सबै अधिकारहरु हरेक व्यक्तिले उपभोग गर्न पाएको विश्वको निर्माण हाम्रो परिदृश्य हो ।

हामी कुनै पनि सरकार, राजनैतिक विचार, आर्थिक वा धार्मिक विचारबाट तटस्थ छौं । हाम्रा सदस्यहरुबाट प्राप्त हुने शुल्क र सार्वजनिक रुपमा हामीलाई दिइने दानदातव्य नै हाम्रो मूल अर्थिक स्रोत हो ।

Index: MDE 22/011/2013
Nepali

नोभेम्बर २०१३

Amnesty International
International Secretariat
Peter Benenson House
1 Easton Street
London WC1X 0DW
United Kingdom

amnesty.org